# विरुवा स्वस्थताको उपायहरुका लागि राष्ट्रिय मापदण्ड

## एस. पि.एम. एमः २०

## बिरुवा स्वस्थता आयात नियमन प्रणाली सम्बन्धी निर्देशिका

## २०१३

राष्ट्रिय प्लाण्ट क्वारण्टिन कार्यक्रमको हरिहरभवन, ललितपुरको अग्रसरता र NEAT Activity/USAID, को आर्थिक सहयोगमा विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स-नेपाल) का विशेषज्ञहरुबाट प्रस्तुत 'विरुवा स्वस्थताका उपायहरुका लागि राष्ट्रिय मापदण्ड' तयार भएको हो ।

राष्ट्रिय प्लाण्ट क्वारण्टिन कार्यक्रमको अनुरोधमा, **राष्ट्रिय बाली संरक्षण संगठन** र **शुद्धता र विरुवा स्वस्थता कार्यान्वयन समिति**को २०७० बैशाख ३० देखि २०७० जेष्ठ २ गतेसम्मका बैठकहरुमा १६ वटा मस्यौदाहरु उपर छलफल भएको थियो ।

संलग्न **" बिरुवा स्वस्थता आयात नियमन प्रणाली सम्बन्धि निर्देशिका"** नामक मापदण्ड मिति २०७० जेष्ठ २ गते उपरोक्त दुबै बैठकमा छलफल भई सोही दिनको **शुद्धता र विरुवा स्वस्थता कार्यान्वयन समितिको बैठकले** आवश्यक सुझावसहित स्वीकृत गरेको छ । उपरोक्त सुझावहरु प्रस्तुत मापदण्डमा समावेश गरिसकिएको छ।

७ जुन २०१३

# विषय सूची


१. परिचय ........ 1

१.१ कार्यक्षेत्र ........ 1

१.२ सन्दर्भ सामाग्रीहरु ........ 1

१.३ परिभाषा ........ 2

१.४ आवश्यकताको रुपरेखा ........ 3

२.आवश्यकताहरु ........ 3

२.१ उद्धेश्य ........ 3

२.२ संरचना ........ 3

२.३ अधिकार, प्रतिबद्धता तथा जिम्मेवारी ........ 4

३.नियमन संरचनाको ढाँचा ........ 5

३.१ नियमित बस्तुहरु ........ 5

३.२ नियमित वस्तुहरुको लागि बिरुवा स्वस्थता उपायहरु ........ 6

३.४ नियमसंगत नभएका वा संकटकालीन कदमसंग सम्बन्धित उपायहरु ........ 9

३.५ नियमन संरचना आवश्यक पर्न सक्ने अन्य तत्वहरु ........ 10

३.६ NPPO को कानुनी अधिकार ........ 11

४. आयात नियमन प्रणालीको सञ्चालन ........ 11

४.१ NPPO को व्यवस्थापन र सञ्चालन जिम्मेवारी ........ 11

४.२ NPPO को साधन/श्रोत ........ 18

५. अभिलेख सञ्चार र पुनरावलोकन ........ 19

५.१ दस्तावेज राख्ने ........ 19

६. सञ्चार ........ 20

७. पुनरावलोकन संरचना ........ 20

७.१ पद्धति पुनरावलोकन ........ 20

७.२ तत्कालिन वा प्रासंगिक पुनरावलोकन ........ 20

## १. परिचय

### १.१ कार्यक्षेत्र

यस मापदण्डले व्यापारत पक्षहरुको अधिकार, प्रतिबद्धता र दायित्वलाई ध्यानमा राखी आयात सम्बन्धि बिरुवा स्वस्थता नियम प्रणालीको सञ्चालन, स्थापना र पुनरावलोकन गर्ने सञ्चालन कार्यविधि बारे निर्देशिका प्रदान गर्दछ । यस मापदण्ड मिल्दो अवस्थासम्म APPPC को क्षेत्रीय मापदण्ड, बिरुवा संरक्षण ऐन र नियमावली तथा अन्य सम्बन्धित नेपाल सरकारबाट जारी भएका आदेशहरु पनि ग्रहण गरेको छ। यो राष्ट्रिय विरुवा स्वस्थताको उपायको मापदण्डको अन्तर्राष्ट्रिय विरुवा संरक्षण महासन्धिको मार्गदर्शनहरु र सुझावहरुको आधारमा तयार गरिएको छ । यो मापदण्डले अन्तर्राष्ट्रिय विरुवा स्वस्थताका उपायका मापदण्डको सिद्धान्तहरु, सुझावहरु र फर्म्याटहरु अनुसरण गरेको छ । जसबाट व्यापार सहजीकरणका साथै अन्तर्राष्ट्रिय समरुपीकरण (International Harmonization) कायम गर्नमा पनि सहयोग पुग्नेछ।

### १.२ सन्दर्भ सामाग्रीहरु


*IPPC: 1997. International Plant Protection Convention Rome, IPPC, FAO.*

*ISPM 1: 1993.Principles of plant quarantine as related to international trade. Rome, IPPC, FAO. [Published 1995] [Revised; now ISPM 1: 2006]*

*ISPM 3 1995: Code of conduct for the import and release of exotic biological control agents. Rome, IPPC, FAO. [Published 1996] [Revised; now ISPM 3: 2005]*

*ISPM 5; Glossary of phytosanitary terms Rome, IPPC, FAO*

*ISPM 6 1997 Guidelines for surveillance Rome, IPPC, FAO*

*ISPM 7 1997 Export certification system Rome, IPPC, FAO*

*ISPM 8 1998 Determination of pest status in an area Rome, IPPC, FAO*

*ISPM 10 1999 Requirements for the establishment of pest free places of production and pest free*

*Production sites Rome, IPPC, and FAO*

*ISPM 11. 2004. Pest risk analysis for quarantine pests including analysis of environmental risks and living modified organisms. Rome, IPPC, FAO*

*ISPM 13 2001 Guidelines for the notification of non-compliance and emergency action. Rome, IPPC, FAO*

*ISPM 19 2003 Guidelines on lists of regulated pests Rome, IPPC, FAO*

*ISPM 21 2004 Pest risk analysis for regulated non-quarantine pests Rome, IPPC, FAO*

*ISPM 20: Guidelines for a Phytosanitary Import Regulatory System. Rome, IPPC, FAO*

*WTO 1994 Agreement on the Application of Sanitary and Phytosanitary Measures Geneva, World Trade Organization*
*GON Nepal 2005: Operation Manual for Import Export National plant quarantine program*

*GO Nepal 2007: Plant Protection Act: MOAD Kathmandu Nepal*

### १.३ परिभाषा

विरुवा स्वस्थता संबन्धि उपायको अर्न्तराष्ट्रिय मापदण्ड संख्या ५ अनुसार परिभाषाका साथै निम्न लिखित परिभाषा यस निर्देशिकाको प्रयोजनका लागि प्रयोग भएका छन् ।

**प्रवेशः** कुनै शत्रुजीव त्यस्तो क्षेत्रमा भित्रिनु जहाँ उक्त शत्रुजीव पहिले उपस्थित र फैलिएको थिएन वा आधिकारिक रुपमा नियन्त्रणमा रहेको थियो ।

**स्थापित हुनुः** कुनै शत्रुजीव कुनै क्षेत्रमा भित्रिएपछि भविष्मा समेत प्रभाव पार्ने गरी कायम रहन सफल हुनु ।

**शत्रुजीव प्रारम्भः** शत्रुजीव स्थापित हुने गरी भएको प्रवेश

**प्रवेश सम्भावित क्षेत्रः** आधिकारिक रुपमा घोषणा गरिएको कुनै शत्रुजीवको प्रवेशको सम्भावना रहेको राष्ट्रको कुनै भाग, पुरै भाग वा धेरै राष्ट्रहरुको कुनै वा पुरै भाग जसलाई विश्व व्यापार संगठनको स्वच्छता तथा विरुवा स्वस्थता सम्बन्धि उपायहरुको सहमतिमा आधारित रहेर गरिएको हुन्छ ।

**एन.एस.पि.एम.(NSPM):** बिरुवा स्वस्थता सम्बन्धि उपाहरुको राष्ट्रिय मापदण्ड जुन स्थानीय अवस्था सुहाँउदो बिरुवा स्वस्थता उपाय पनि हो ।

**आई.एस.पि.एम.(ISPM):** बिरुवा स्वस्थता सम्बन्धि उपाहरुको अन्तरराष्ट्रिय मापदण्ड

**एन.पि.पि.ओ.(NPPO):** IPPC द्वारा निर्धारित कार्यहरु गर्नको लागि सरकारद्वारा स्थापित आधिकारिक निकाय

**प्रवेशमार्गः** माध्यम जसले कुनै शत्रुजीवको प्रवेश र फैलावटमा मदत पुर्‍याउँछ ।

**शत्रुजीवः** बिरुवा वा बिरुवा जन्य उत्पादनको लागि हानिकारक हुने कुनै बिरुवा, जनावर वा जीवाणुका जात, उपजात, किसिम ।

### १.४ आवश्यकताको रुपरेखा

आयात नियमन प्रणालीको संरचनाको कार्यान्वनको लागी यो मापदण्ड एउटा सामान्य निर्देशिका हो । बिरुवा स्वस्थता सम्बन्धि आयात नियमन प्रणाली कुनै पनि आयातित बस्तुहरु वा नियमित बस्तुहरुका क्वारेण्टाइन वा नियमित गैह्र क्वारेण्टाइन शत्रुजीव प्रवेश हुनबाट जोगाउनको लागि उपयुक्त नियन्त्रण विधिहरु अपनाई WTO को SPS सहमति अनुसार व्यापार सहजीकरण गर्न निश्चितता प्रदान गर्नको लागि लागु गरिन्छ । यस मापदण्डले नेपालको बिरुवा स्वस्थता नियमन संरचनको कानुनी प्रावधान, आयात कार्यविधि, IPPC को भाग ४.२ मा उल्लेख भए अनुसार सर्भिलेन्स, निरिक्षण, विसंक्रमण, PRA सञ्चालन तथा कर्मचारीहरुको तालिम तथा विकास जस्ता NPPO का जिम्मेवारीहरु समावेश गर्दछ । NPPO को कानुनी अधिकार जस्तै नियमसंगत नभएमा आयातको प्रतिबन्ध लगाउने जस्ता कार्यहरुमा शत्रुजीव संकटको बेला लिनु पर्ने आवश्यक निर्णय बारे व्याख्या गर्नु पर्दछ । NPPO को मुख्य जिम्मेवारीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संगठनसंग समन्वय, अभिलेखीकरण, सञ्चार तथा बजार माग अनुसार मापदण्डहरुको आवधिक पुनरावलोकन पनि पर्न आउँछन् । यी बाहेक पनि NPPO ले प्रशासनिक, लेखापरीक्षण सम्बन्धि, नियमसंगत भए नभएको परीक्षण गर्ने र कार्यवाही गर्ने, संकटकालिन अवस्थाको कार्य, कर्मचारीको व्यवस्थापन, विवाद व्यवस्थापन र परिस्थिति बमोजिम आईपरेका अन्य क्रियाकलापहरु सञ्चालन गर्नु पर्दछन् । यी उल्लेखित जिम्मेवारीहरु बहन गर्नको लागि NPPO लाई आवश्यक मात्रामा श्रोत साधन उपलब्ध हुनु जरुरी पर्दछ ।

## २.आवश्यकताहरु

### २.१ उद्धेश्य

यस मापदण्डको लक्ष्य भनेको क्वारेण्टाइन शत्रुजीवको प्रवेश रोक्ने तथा नियमित शत्रुजीवको प्रवेश नियन्त्रण गरी आयात गर्ने वा नियमन गर्ने वस्तुको व्यापार अवरोध हटाउँदै बिरुवाजन्य श्रोतहरुको संरक्षण गर्नु हो । प्लाण्ट क्वारेण्टाइन तथा सम्बन्धित संस्थाहरुको हालको क्षमताको अवस्था विचार गर्दै तहाँ कार्यरत कर्मचारीहरुले बिरुवा स्वस्थता सम्बन्धि आयात नियमन प्रणाली कार्यान्वयन गर्न सहज बनाउनु पनि यसको उद्देश्य रहन्छ ।

### २.२ संरचना

आयात नियमन प्रणालीका संभागहरु निम्न अनुसार छन् :

- कानुन, नियम र कार्यविधि सहितको नियमनकारी संरचना
- प्रणाली सञ्चालनको लागि जिम्मेवार NPPO

नेपालको नियमन संरचना सम्बन्धि जानकारी यसै मापदण्डको खण्ड ३ मा र आयात सम्बन्धि सञ्चालन कार्यविधि खण्ड ५ मा वर्णन गरिएको ।

बिरुवा संरक्षण ऐन, २०६४ को दफा २ को ६ को प्रावधान अनुसार बाली संरक्षण निर्देशनालयलाइ NPPO को जिम्मेवारी, अयात नियमत सञ्चालन समेत प्रदान गरेको छ । NPPO ले प्रवेश बिन्दुहरुमा वस्तुका आयात नियमनको लागि भन्सारसंग सुमधुर सम्पर्क कायम गर्नु पर्दछ ।

२.२.१ संगठनात्मक संरचना

- बाली संरक्षण निर्देशनालयलाई NPPO को कार्य गर्ने गरी जिम्मेवारी दिईएको छ ।
- राष्ट्रिय प्लाण्ट क्वारेण्टाइन कार्यक्रमलाई बिरुवा स्वस्थता उपायहरु कार्यान्वयन गर्न जिम्मेवार बनाईएको छ ।
- बिरुवा र बिरुवाजन्य वस्तुहरुको आयात गर्दा तोकिएका प्रवेश बिन्दुहरु निम्नानुसार छन्:
  - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल - एयरपोर्ट चेकपोष्ट
  - सिमा चेकपोष्टहरु/प्रवेश बिन्दु - काकडभिट्टा, बिराटनगर, जलेश्वर, मलङ्गवा, बिरगञ्ज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, गड्डाचौकी ।
  - सिमा उपचेकपोष्ट/प्रवेश बिन्दु - भण्टावारी, लोमान्थाङ्ग, रसुवा

आयात नियमन मापदण्ड निर्माण गर्दा बिरुवा संरक्षण ऐन, २०६४ मा समेत उल्लेख भएका काम कर्तव्यहरु र जिम्मेवारीहरु समेत विचार गर्नु पर्दछ । त्यसैगरी आयात नियमन प्रणाली प्रभावकारी बन्नको लागि अन्य सरकारी सेवाहरु जस्तै भन्सारको पनि महत्वपूर्ण भूमिका (निश्चित कार्य र जिम्मेवारी सहित) हुन्छ र राष्ट्रिय प्लाण्ट क्वारेण्टाइन कार्यक्रमले तिनीहरुसंग राम्रो समन्वयन कायम राख्नुपर्दछ । NPPO ले यसका आफ्नै अधिकारीहरु प्रयोग गरी वा अन्य सरकारी वा गैह्र सरकारी संघ संस्थालाई अधिकार प्रदान गरी ऐनले दिएको अधिकार भित्र रही आयात नियमन कार्य गराउन सक्छ । र यसरी गरिएको कार्यको जिम्मेवारी NPPO ले लिनु पर्दछ ।

## २.३ अधिकार, प्रतिबद्धता तथा जिम्मेवारी

सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्डबाट प्राप्त आयात नियमन प्रणाली सम्बन्धि अधिकार, प्रतिबद्धता तथा जिम्मेवारीहरु स्थापित तथा सञ्चालन गर्दा NPPO ले निम्न बुँदाहरु बिचार गर्नु पर्दछ ।

- राष्ट्रिय नीति तथा ऐन नियम
- NPPO वा सरकारको प्रशासनिक नीति
- सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौता, महासन्धि, सन्धिहरुबाट विकास गरी प्रदान अधिकार, प्रतिबद्धता तथा जिम्मेवारीहरु

२.३.१ अन्तर्राष्ट्रिय सम्झौता, सिद्धान्त र मापदण्ड

नेपाल WTO र IPPC को सदस्य राष्ट्र भएकोले यसलाई आफ्नो देशमा आर्थिक हानी गर्ने शत्रुजीव भित्रन सक्ने प्रवेश नियन्त्रण गर्न आयात नियमन गरी आवश्यक उपायहरु लागु गर्न स्वतन्त्रता छ । तर यो लागु गर्ने क्रममा अन्तर्राष्ट्रिय मापदण्डमा उल्लेख भएका सिद्धान्तहरु पालना गर्नु पनि अनिवार्य हुन्छ र त्यस अनुसार एकरुपता हुनु पर्दछ जस्तैः पारदर्शिता, सार्वभौमिकता, आवश्यकता, समरुपता, न्यूनतम असर, सामञ्जस्यता, प्राविधिक औचित्यता, एकरुपता, संकटकालिन अवस्था र आवश्यक कदम, शत्रुजीव मुक्त क्षेत्र, शत्रुजीव न्यून प्रभाव क्षेत्र जसबाट अनावश्यक व्यापार अवरोध हटाउन मद्धत पुग्दछ।

२.३.२ क्षेत्रीय सहयोग

नेपाल IPPC को क्षेत्रीय संगठन APPPC को सदस्य राष्ट्र भएको सन्दर्भमा यस क्षेत्रका सबै सदस्य राष्ट्र बीचमा आपसी सहयोग र जानकारी आदान प्रदान गरी आयात नियमन प्रणालीको सामञ्जस्यता कायम राख्नु पर्दछ । त्यसैले NPPO/ प्लाण्ट क्वारेण्टाइनले APPPC को सदस्यको हैसियतले केही नियमहरु पालना गराउन सक्छ र यसको लागि आर्थिक र आवश्यक अन्य श्रोतको व्यवस्था हुनु जरुरी पर्दछ ।

## ३.नियमन संरचनाको ढाँचा

नेपाल सरकारले बिरुवा स्वस्थता सम्बन्धि आयात नियमन गराउन बिरुवा संरक्षण ऐन, २०६४ र नियमावली २०६६ लागु गरेको छ । यसको लागि राष्ट्रिय नियमन संरचनाको प्रावधान निम्न बमोजिम रहेको छः

- NPPO लाई आयात नियमन प्रणाली सञ्चालन गर्न तथा अन्य काम कर्तव्य र जिम्मेवारी बहन गर्न सबल बनाउने कानुनी अधिकार
- आयात गर्दा अपनाउनु पर्ने बिरुवा स्वस्थता सम्बन्धि उपायहरुको लागि PRA गर्ने
- यदि क्वारेण्टाइन शत्रुजीव भएमा आयातमा प्रतिबन्ध लगाउने
- संकटकालिन कदम चाल्नको लागि वा नियमसंगत नभएको खण्डमा अपनाउने कार्यको लागि कानुनी प्रावधान
- NPPO र अन्य सरकारी निजी निकायसंग अन्तरकृया गर्नको लागि प्लाण्ट क्वारेण्टाइन समितिको व्यवस्था

पारदर्शिताको लागि बिरुवा संरक्षण ऐन र नियम वेभसाईटमा राखिएको छ, जुन कुरा IPPC मा उल्लेख भएको प्रतिबद्धता भित्र पर्दछ ।

### ३.१ नियमित बस्तुहरु

यदि आयातित वस्तुहरु नियमित गर्नु पर्ने शत्रुजीवबाट संक्रमित भएको पाईएमा उपयुक्त बिरुवा स्वस्थता उपाय प्रयोग गरी उपचार गर्नु पर्दछ । नियमित शत्रुजीव भन्नाले क्वारेण्टाइन शत्रुजीव वा

नियमित गैह्र क्वारेण्टाइन शत्रुजीव भन्ने बुझ्नु पर्दछन् । क्वारेण्टाइन शत्रुजीवले संक्रमित वस्तु सबैलाई नियमित गर्नु आवश्यक हुन्छ भने गैह्र क्वारेण्टाइन शत्रुजीव संक्रमित भएमा उपभोगको लागि वा प्रशोधनको लागि आयात भएको हो भने नियमन गरिरहनु पर्ने आवश्यकता हुंदैन । नियमित गैह्र क्वारेण्टाइन शत्रुजीव खेती गर्न ल्याईएका विरुवा जन्य वस्तुमा मात्र नियमन गर्नु पर्दछ । नियमित गर्नु पर्ने वस्तुमा निम्न अनुसार हुन सक्दछन्:

- बिरुवा वा बिरुवाजन्य उतपादन रोप्न, उपभोग गर्न, प्रशोधन गर्न वा अन्य प्रयोजनको लागि ल्याईएका
- भण्डारण सुविधाहरु र सामग्री
- प्याकेजिङ्गका सामाग्रीहरु
- पारबहन तथा ढुवानीका साधनहरु
- माटो, प्रांगारिक पदार्थ (मल) तथा यस सम्बन्धित सामानहरु ।
- शत्रुजीव रहन सक्ने वा फैलाउन सक्ने जीवहरु ।
- संक्रमण सम्भावित सामाग्री/यन्त्रहरु (कृषि यन्त्रहरु, डोजर आदि)
- अनुसन्धान वा अन्य वैज्ञानिक सामाग्रीहरु
- अन्तर्राष्ट्रिय रुपमा ओसारपसार गरिएका यात्रुका सम्बन्धित सामाग्रीहरु
- अन्तर्राष्ट्रिय चिट्ठीपत्र, कुरियर आदि
- शत्रुजीव तथा जैविक नियन्त्रण विधिका सामाग्रीहरु

यी नियमन गर्नु पर्ने वस्तुहरुको सूचि सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्दछ ।

### ३.२ नियमित वस्तुहरुको लागि बिरुवा स्वस्थता उपायहरु

नियमित वस्तुहरु माथि बिरुवा स्वस्थता उपायहरु जस्तै प्रतिबन्ध, अवरोध तथा थप आयात सर्त आवश्यकता लागु गराउँदा प्राविधिक औचित्यका आधारमा गरिनु पर्दछ । यसको लागि मान्यता प्राप्त सान्दर्भिक आवश्यकता तथा अन्तर्राष्ट्रिय मापदण्डलाई सन्दर्भको रुपमा लिनु पर्दछ ।

३.२.१ आयातित कन्साईनमेन्टको लागि विधिः

बिरुवा संरक्षण ऐन, २०६४ तथा नियमावली २०६६ तथा प्लाण्ट क्वारेण्टाइन सञ्चालन निर्देशिकाले आयातित कन्साइनमेन्ट जस्तै बिरुवा, बिरुवाजन्य वस्तु, जैविक नियन्त्रण जीवहरु, फाइदाजनक कीराहरु, जर्मप्लाज्म, बिरुवा हुर्काउने माध्यम (माटो, पिट, झ्याउ) प्याकेजिङ्गका सामाग्री ढुवानी साधन आदिको लागि अपनाउनु पर्ने विधिहरु उल्लेख गरेका छन् । यसमा निम्न विधिहरु पर्दछन्:

⇒ बिरुवा स्वस्थता प्रमाणपत्र तथा आयात अनुमति पत्रको लागि निवेदन दिनु पर्ने

⇒ कागजातको जाँचबुझ

⇒ कन्साइनमेन्टको इमान्दारिता जाँच

- ⇒ स्वस्थता परीक्षणको लागि कन्साइनमेन्ट निरिक्षण
- ⇒ परीक्षण विधिहरु
- ⇒ नमूना र प्रयोगशाला विश्लेषण
- ⇒ शत्रुजीव पहिचानको भरोसा/निश्चितता
- ⇒ परीक्षण परिणामको प्रतिवेदन जाहेरी
- ⇒ नियमसंगत नभएको खण्डमा चालिने कदम
- ⇒ बिरुवा स्वस्थता प्रमाणपत्र/आयात अनुमति पत्र प्रदान/जारी गर्ने
- ⇒ कन्साइनमेन्ट छोड्ने
- ⇒ अभिलेखीकरण/दस्तावेजीकरण

प्रवेश बिन्दुमा आवश्यक विधिहरु

- ⇒ कागजातको जाँच
- ⇒ कन्साइनमेन्टको इमान्दारिता जाँच
- ⇒ पारबहनमा गरिएको उपचार जाँच
- ⇒ बिरुवा स्वस्थताको निरिक्षण
- ⇒ परीक्षण
- ⇒ उपचार
- ⇒ परीक्षण वा उपचारको जाँचबुझ गरी परिणामा नआउँदासम्म कन्साइनमेन्टको रोकावट

प्रवेश पश्चात् आवश्यक विधि

- ⇒ क्वारेण्टाइनमा रोक्ने (पोष्ट इण्ट्रि क्वारेण्टाइन स्टेशनमा), निरिक्षण, परीक्षण र उपचार
- ⇒ तोकिएको स्थानमा तोकिएको उपचारको लागि कन्साइनमेटको रोकावट
- ⇒ कन्साइनमेन्टको प्रयोग र वितरणमा रोकावट

आयात नियमन प्रणालीले समरुप भएकोमा निर्यातकर्ताले प्रस्ताव गरेका मूल्याङ्कन र सम्भावित वैकल्पिक उपायहरु स्वीकार गर्ने प्रावधान बनाउनु पर्दछ ।

३.२.१.१ विशेष आयातको लागि प्रावधान

मामिलाको आधार हेरी शत्रुजी, जैविक नियन्त्रण वस्तु वा अन्य नियमित वस्तु जुन वैज्ञानिक अनुसन्धान, शिक्षा वा अन्य उद्देश्यको लागि आयात गरिएको अवस्थामा अधिकार प्राप्त आयातकर्ता संस्थाको सुरक्षा जिम्मेवारीमा अनुमति दिने प्रावधान राख्न सकिन्छ ।

### ३.२.१.२ शत्रुजीव मुक्त क्षेत्र, शत्रुजीव मुक्त उत्पादन क्षेत्र, शत्रुजीव मुक्त उत्पादन स्थल, न्यून शत्रुजीव प्रभाव क्षेत्र तथा आधिकारिक नियन्त्रण कार्यक्रम

अनुसूची वाली संरक्षण नियमावली २०६८ को २ (१) मा NPPO ले न्युन शत्रुजीव प्रभावक्षेत्रका बारेमा प्रकृया पहिचान गरेको छ । यी उपायहरु लागु गर्दा गैह्र-भेदभाव सिद्धान्त तथा आपसी पहिचानको लागि द्विपक्षीय छलफल गर्ने तथा निर्यातकर्ता राष्ट्रका अन्य आन्तरिक प्रावधानहरु समरुप र उपयुक्त भएसम्म सो पनि आपसी समन्वयमा अपनाउन सकिन्छ । यसको लागि NPPO ले आयात नियमन प्रणालीमा प्रावधान राखेर सो अनुसार सम्बोधन गर्नु पर्दछ।

### ३.२.२ आयात स्वीकृति/अनुमति

आयात अनुमति सामान्य स्वीकृति वा निर्दिष्ट अनुमतिको रुपमा मामिला हेरी प्रदान गर्न सकिन्छ । सामान्य अनुमतिको लागि पूर्व स्वीकृति वा अनुमति नलिइकनै प्रवेश बिन्दुमा चेकजाँच गर्न प्रकृया अपनाउने गरिन्छ । सामान्य अनुमति जहाँ आयातको लागि निश्चित आवश्यकताहरु तोकिएको हुँदैन त्यस्ता वस्तु आयात गर्दा निर्दिष्ट अनुमतिको लागि निश्चित पूर्व स्वीकृतिको नियमन गरिएको हुन्छ ।

सामान्य अनुमतिः कुनै वस्तु आयात गर्दा, पालना गर्नुपर्ने आवश्यक प्रकृयाबारे उल्लेख नगरी कनै चेक पोष्टमा नै आवश्यक जाँच पड्ताल प्रकृया पूरा गर्न सकिन्छ ।

निर्दिष्ट अनुमतिको हकमाः

अनुमति वा इजाजत पत्र जस अनुसार आयातको लागि आधिकारिक सहमतिकै आवश्यक पर्छ । यो कुनै एक कन्साइनमेन्टको लागि वा एकै उत्पत्ति स्थलको धेरै कन्साइनमेन्टको लागि पनि हुन सक्छ । यस्तो अनुमति आवश्यक पर्ने अवस्थाहरु भनेको संकटकालिन वा निर्दिष्ट आयात जसको तोकिएको आवश्यकता, पोष्टइन्ट्रि आवश्यकता वा तोकिएको अन्तिम उपयोग वा अनुसन्धान प्रयोजनको लागि आयात गरिन्छ र यसलाई NPPO को उक्त समयावधि भर निगरानी राख्ने क्षमता राख्न सक्नु पर्दछ ।

### ३.२.३ प्रतिबन्ध

शत्रुजीव जोखिम व्यवस्थापनको लागि कुनै अन्य विकल्पहरु हुंदैनन् भने यस्तो अवस्थामा उक्त वस्तुको आयातमा प्रतिबन्ध लगाउनुपर्दछ । कुनै निश्चित बाली वा अन्य नियमित वस्तुहरु सबै उत्पत्ति स्थलबाट आउँछ वा कुनै निश्चित उत्पादन स्थलबाट मात्र आउने मा नियमित वस्तुमा झै प्रतिवन्ध लागु गर्नु पर्दछ । तर PRA गरेर मात्र प्राविधिक रुपमा औचित्यपूर्ण ठहर भएको अवस्थामा प्रतिबन्ध लगाउनु पर्दछ । यस्मा NPPO ले समरुपी तर कम व्यापार अवरोधी उपायहरु मूल्याङ्कन गरेर मात्र प्रतिवन्ध लागु गर्नु पर्दछ । यदि यस्ता व्यवस्थापन उपायहरुले उपयुक्त तहमा नै संरक्षण गर्न सक्षम हुन्छन भने आयात नियमनलाई परिमार्जन गर्न सकिन्छ । मुलतः प्रतिबन्ध लगाउने भनेको क्वारेण्टाइन शत्रुजीवलाई मात्र हो । नियमित गैह्र क्वारेण्टाइन शत्रुजीवलाई भने प्रतिबन्ध लगाउन मिल्दैन तर निश्चित सहनशीलता तह स्थापित गर्न  भने सकिन्छ ।

प्रतिबन्धित वस्तुहरु शैक्षिक वा अनुसन्धान प्रयोजनको लागि आयात गर्न सकिन्छ । तर नियन्त्रित अवस्था र आवश्यक सुरक्षा कवच अपनाई आयातकर्ताको जिम्मेवारीमा आवश्यक विशेष इजाजत वा अनुमति दिन सकिन्छ ।

३.२.४ ट्रान्जिटमा रहेको कन्साइनमेन्ट (नेपालको बाटो भएर जाने पारबहनमा रहेको)

ट्रान्जिटमा रहेको कन्साइनमेन्ट आयात वस्तु नै होइन तर पनि शत्रुजीव भित्रन नदिनको लागि आयात नियमन प्रणाली यसमा पनि लागु गर्न सकिन्छ । बिरुवा संरक्षण ऐन र नियमावलीमा यस सम्बन्धि व्यवस्था गरिएको छ, जसमा शत्रुजीवको प्रवेश स्थापना र फैलावट रोक्नको लागि आवश्यक उपायहरु समाविष्ट छन् । ती उपायहरुमा कन्साइनमेन्टको ट्र्याकिङ्ग, इमान्दारिता निरीक्षण र राष्ट्रको सिमाना कटेको वा नकटेको निरीक्षण गर्ने प्रावधान रहेका छन् सो पनि ध्यानमा राख्नु पर्दछ ।

## ३.४ नियमसंगत नभएका वा संकटकालीन कदमसंग सम्बन्धित उपायहरु

नियमसंगत नहुने महत्वपूर्ण अवस्थामा निम्न कुराहरु पर्दछन्:

- बिरुवा स्वस्थता आवश्यकता पुरा गर्न असफल भएमा
- नियमित शत्रुजीव भेटिएमा
- आवश्यक कागजातको व्यवस्था गर्न असफल भएमा जस्तै:
  - बिरुवा स्वस्थाता प्रमाणपत्र नभएमा
  - त्रुटीपूर्ण बिरुवा स्वस्थता प्रमाणपत्र भएमा (भेटिएमा)
  - बिरुवा स्वस्थता प्रमाणपत्रमा आवश्यक सूचना उपलब्ध नभएमा
  - नक्कली प्रमाणपत्र भएमा
- प्रतिबन्धित कन्साइनमेन्ट भएमा
- कन्साइनमेन्टमा प्रतिबन्धित वस्तु भएमा (जस्तै माटो)
- निश्चित उपचार गरिएकोमा सो असफल भएमा
- प्रतिबन्धित वस्तु सानो मात्रामा गैह्र व्यावसायिक रुपमा यात्रुको झोला वा चिठ्ठीपत्रमा बारम्बार दोहोरिरहेमा ।

बिरुवा स्वस्थता प्रमाणपत्र चाहिने वा नचाहिने कन्साइनमेन्टको लागि पनि बिरुवा स्वस्थता सम्बन्धि आवश्यकता पटक पटक पुरा नभई नियमसंगत नभएको भेटिएमा निर्यात गर्ने राष्ट्रलाई सो को सूचना दिनु गराउनु पर्दछ ।

३.४.१ संकटकालिन कदम

संकटकालिन कदम चाल्ने सम्बन्धि व्यवस्था IPPC धारा VII 2 (f) मा छ, साथै ISPM 13 मा पनि विस्तृत विवरण पाईन्छन् र यस्तो अवस्था कुनै महत्वपूर्ण शत्रुजीव आयातित कन्साइनमेन्टमा भेटिंदा लागु गरिन्छ ।

- निर्यातकर्ता राष्ट्रको उक्त बालीको शत्रुजीव सूचीमा नभएको शत्रुजीव भेटिएमा

– उक्त जीवमा सम्भावित बिरुवा स्वस्थतामा चुनौतिपूर्ण देखिएमा ।

नियमसंग नभएको र संकटकालीन कदम चाल्ने निश्चित भएमा त्यसको जानकारी सम्बन्धित निर्यातकर्ता राष्ट्रलाई गराउनु पर्दछ र आवश्यक बिरुवा स्वस्थता उपाय लागु गर्नु पर्दछ । यदि सो जानकारी गराउन ढीलो हुने भएमा (जस्तैः शत्रुजीव पहिचानको कारणले) एउटा प्रारम्भिक सूचना मात्रै भएपनि उपलब्ध गराउनु पर्दछ ।

आयातित कन्साइनमेन्टले नियम पालना नगरेको पाइएमा प्रारम्भिक रुपमानै निम्न लिखित अनुसार अस्विकार्य कदम लिनु पर्दछ ।

- उपचार
- छनौट, पुनर्व्यवस्थापन, विसंक्रमण (नियमित वस्तुहरुको जस्तै भण्डारण, कन्टेनर, ढुवानी सामाग्री आदि)
- निश्चित अन्तिम उपयोग तोकि दिने जस्तै प्रशोधन मात्र
- नष्ट गर्ने (जलाउने, गाड्ने)

नियम पालना नभएको पाइएको खण्डमा वा संकटकालिन कदम चाल्नु पर्ने अवस्था आएमा कानुन पुनरावलोकन वा थप वा आयात अनुमति रद्द गर्न पनि सकिन्छ ।

### ३.५ नियमन संरचना आवश्यक पर्न सक्ने अन्य तत्वहरु

अन्तर्राष्ट्रिय सन्धि सम्झौताले प्रतिबद्धताहरु उत्पन्न गराउँदछन् र तिनीहरु कानुनी आधारमा वा प्रशासनिक तवरबाट कार्यान्वयन गराउनु पर्दछ । त्यस प्रकारको व्यवस्थाको लागि निम्न विधिहरु अपनाउन सकिन्छ ।

⇒ नियम पालना नभएकोमा जानकारी उपलब्ध गराउने
⇒ शत्रुजीव प्रतिवेदन पेश गर्ने
⇒ आधिकारीक सम्पर्क बिन्दुको व्यवस्था
⇒ नियमनकारी सूचनहरुको प्रकाशन तथा प्रसार/प्रचार
⇒ अन्तर्राष्ट्रिय सहयोग
⇒ अभिलेख/दस्तावेज तथा नियमावलीको पुनरावलोकन
⇒ समरुपताको पहिचान गर्ने
⇒ प्रवेश बिन्दु तोक्ने
⇒ आधिकारिक दस्तावेजको जानकारी/सूचना

### ३.६ NPPO को कानुनी अधिकार

NPPO ले आफ्नो जिम्मेवारी र अधिकार प्रत्यायोजन गरी सम्बन्धित अधिकारीहरुलाई दिन सक्ने कानुनी अधिकार IPPC,साथै नेपालको बिरुवा संरक्षण ऐन र नियमावलीमा व्यवस्था गरिएको छ । यी अधिकारहरु निम्नानुसारका पर्दछन्:

⇒ कुनै परिसर, पारबहन वा अन्य क्षेत्र जहाँ आयातित वस्तु, नियमित शत्रुजीव उपस्थित रहन सक्छन्, त्यहाँ सहज प्रवेश गर्न पाउने ।

⇒ आयातित बाली वा अन्य नियमित वस्तुको निरिक्षण, परीक्षणको लागि नमुना सङ्कलन तथा आयातित वस्तु भएको क्षेत्र प्रवेश गर्न र नष्ट गर्ने (नमुना सङ्कलन समेत गर्न) ।

⇒ आयातित वस्तु चेक जाँचको लागि रोक्ने ।

⇒ नियमित शत्रुजीव भएको क्षेत्र, पारबहन, सामाग्री, बाली उपचार गर्न वा गराउने ।

⇒ नियमित क्वारेण्टाइन शत्रुजीव भएको खण्डमा प्रवेश अस्वीकार गर्ने, फर्काउने, नष्ट गर्ने वा आवश्यक संकटकालिन कदम चाल्ने, शुल्क लगाउन वा दण्ड सजाय गर्ने ।

## ४. आयात नियमन प्रणालीको सञ्चालन

आयात नियमन प्रणालीको सञ्चालन, संगठन र व्यवस्थापनको जिम्मेवारी NPPO को हो ।

### ४.१ NPPO को व्यवस्थापन र सञ्चालन जिम्मेवारी

⇒ बिरुवा संरक्षण ऐन र नियमावलीले दिएको अधिकारको व्यवस्था अनुसार NPPO संग व्यवस्थापन प्रणाली र उचित श्रोत साधनको व्यवस्था हुनु पर्दछ ।

४.१.१ प्रशासन व्यवस्था (Administration)

NPPO ले सञ्चालन गर्ने आयात नियमन प्रणालीको प्रशासनले एकरुप एवं प्रभावकारी तवरले बिरुवा स्वस्थता सम्बन्धि नियम कानुनको कार्यान्वयन गर्न तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्न तथा नियम पालना गराउन सहयोग गर्दछ । यसले भंसार लगायतका निकाय तथा क्षेत्रीय संगठनहरुसंग राम्रो सम्बन्ध बनाई राख्नु पर्दछ । आयात नियमन प्रणालीको प्रशासन सामान्यतया राष्ट्रिय तहमा संयोजन हुन्छ, तर पनि कार्यगत तह, क्षेत्रीय तह वा अन्य संरचनागत आधारमा पनि रहन सक्छ ।

४.१.२ नियमनकारी विकास तथा पुनरावलोकन

⇒ बिरुवा स्वस्थता सम्बन्धि नियमहरु लागु गर्ने जिम्मेवारी सरकारी निकायको हो । र यस जिम्मेवारी अनुरुप हुने गरी सरकारले बिरुवा स्वस्थता सम्बन्धि कार्य NPPO को पहलमा गरी अन्य निकायहरुसंग आवश्यकता अनुसार परामर्श र समन्वय गर्नु पर्दछ ।

⇒ राष्ट्रको सामान्य कानुनी र परामर्श प्रकृयाबाट अनर्राष्ट्रिय सम्झौता पालना हुने गरी आवश्यक नियमको विकास गर्ने कायम राख्ने र पुनरावलोकन गर्ने कार्य पनि गर्नुपर्दछ।

४.१.३ सर्भिलेन्स

बिरुवा स्वस्थता उपायहरुको प्राविधिक औचित्य राष्ट्रमा भएको नियमित शत्रुजीवको अवस्थाले निर्धारण गर्दछ। शत्रुजीव अवस्था परिवर्तनीय हुन्छ र त्यसको आधारमा आयात नियमनको पुनरावलोकन गर्नु पर्दछ। शत्रुजीव जोखिम विश्लेषण तथा शत्रुजीव सूची तयार गर्नको लागि आयातित राष्ट्रका खेतीजन्य र खेती नगरिएका बिरुवाको सर्भिलेन्स गर्नु पर्दछ।

४.१.४ शत्रुजीव जोखिम विश्लेषण तथा सूची तयारी

बिरुवा स्वस्थता उपायहरु सबल गराउन तथा शत्रुजीव नियमन गर्नको लागि प्राविधिक औचित्य पुष्टि गर्न PRA आवश्यक हुन्छ। PRA कुनै निश्चित शत्रुजीवको लागि वा कुनै प्रवेश मार्गमा पर्ने सबै शत्रुजीवको लागि गर्न सकिन्छ। शत्रुजीवको लागि वा कुनै प्रवेश मार्गमा पर्ने सबै शत्रुजीवको लागि गर्न सकिन्छ (जस्तै- बाली/वस्तु)। कुनै बाली/वस्तु त्यसको प्रशोधनको तह र वा लक्षित उपयोगको आधारमा वर्गीकरण गरिन्छ। नियमित शत्रुजीवको सूची तयार गर्नु पर्दछ र सो सूची सम्बन्धित आयातकर्ता पक्षलाई उपलब्ध गराउनु पर्दछ। यदि अन्तर्राष्ट्रिय मापदण्ड उपलब्ध भएमा सो अनुसार बिचार गर्नु पर्दछ र आवश्यकता भन्दा बढी अवरोधक (कडा) बन्नु हुंदैन। यदि भएमा पनि त्यसैको प्राविधिक/वैज्ञानिक पुष्टि चाहिन्छ। PRA को प्रशासनिक संरचना शुद्ध रुपमा अभिलेखन गर्नु पर्दछ।

४.१.५ कार्य प्रणाली विधि तथा नियमको पालना जाँच

४.१.५.१ निर्यात गर्ने राष्ट्रमा गरिने विधिको प्रक्रिया / जांच

आयात नियमनले प्राय:जसो निर्यात गर्ने राष्ट्रमा गरिने निश्चित आवश्यकता पुरा गर्नुपर्ने प्रावधान राख्न सक्छ, जसमा निम्न कुराहरु समावेश हुन सक्छन्:

- → उत्पादन विधिहरु (सम्बन्धित बिरुवा उत्पादन र वृद्धि समयका विधि) वा विशेष उपचार विधि
- → कुनै विशेष परिस्थितिमा जस्तै नयाँ व्यापार विस्तार गर्नु पर्दा, निर्यातकर्ता राष्ट्रको NPPO संगको सहयोगमा निर्यातकर्ता राष्ट्रको विभिन्न तत्वहरु जस्तै उत्पादन प्रणाली उपचार विधि आयातकर्ता राष्ट्रको NPPO ले पनि अवलोकन गर्न सक्छ।
- → बिरुवा स्वस्थता व्यवस्थापनको निरिक्षण विधि।
- → मान्यता प्राप्त गर्ने विधि, परीक्षण विधि, सर्भिलेन्स विधि

आयातकर्ता राष्ट्रले कार्यक्षेत्रको तौरतरिका र सो को जांच प्रकियाका बारेमा जानकार हुनुपर्दछ। त्यस्ता जांचका व्यवस्थापन सामान्यतया द्विपक्षीय सम्झौता वा कार्यक्रममा समावेश गरी आयात सहजीकरण सम्बन्धित बनाईनु पर्दछ। यस्तो व्यवस्थापनमा निर्यातकर्ता राष्ट्रको कन्साइनमेन्ट छुटाउनेसम्म पुगी

आयात कर्ता राष्ट्रको प्रवेश बिन्दुमा ल्याउँदा न्यनतम विधिहरु प्रयोग गरी सहजीकरण गर्नु पर्दछ । यस किसिमका जांच विधिहरु स्थायी रुपमा लागु गरिनुहुँदैन । जांचको परिणाम निर्यातकर्ता राष्ट्रको NPPO लाई नियमित रुपमा उपलब्ध गराउनुपर्दछ ।

४.१.५.२ आयातमा नियम पालना जाँच

यस अर्न्तगत नियम पालना जाँच गर्ने ३ वटा आधारभूत तत्वहरु पर्दछन् ।

→ दस्तावेज/कागजात जाँच
→ कन्साइनमेन्टको इमान्दारिता जाँच
→ बिरुवा स्वस्थता सम्बन्धि निरिक्षण र परीक्षण

आयातित वस्तुको नियम पालनाको जाँच सम्वन्धीत आयात गर्ने राष्ट्रको बिरुवा स्वस्थता नियम पालना भए नभएको निर्धारण गर्न पनि आवश्यक पर्न सक्छ ।

→ बिरुवा स्वस्थता उपायहरु क्वारेण्टाइन शत्रुजीवको प्रवेश रोक्न र प्रयोग गरिएका विरुवा स्वस्थता विधि नियमित गैह्र क्वारेण्टाइन शत्रुजीव नियन्त्रण गर्न प्रभावकारी छन/छैनन् भनी जाँच गर्ने ।
→ सम्भावित क्वारेण्टाइन शत्रुजीव वा क्वारेण्टाइन शत्रुजीव कुनै बाली/वस्तुमा पुर्वानुमान गर्न नसकिनेमा सो पत्ता लगाउन ।
→ बिरुवा स्वस्थता सम्बन्धि निरिक्षण NPPO बाट वा NPPO अधिकार प्राप्त निकाय वा अधिकारीबाट गरिनु पर्दछ । छिटो क्षति हुने वस्तु वा व्यापाररत वस्तुलाई कम अवरोध हुने गरी सम्भव भएसम्म चेक जाँच गर्दा अन्य सम्बन्धित निकायहरु पनि ( जस्तै भन्सार, खाद्य) सहयोग लिनु पर्दछ ।

४.१.५.२.१ निरीक्षण

प्रवेश बिन्दुमा, पारबहनमा, पहुँच क्षेत्रमा (गन्तव्यमा) वा अन्य क्षेत्रमा जहाँ आयातित वस्तु पहिचान गर्न र आवश्यक बिरुवा स्वस्थताका उपायहरु लागु गर्न पर्ने देखिन्छ त्यहाँ जुन सुकैबेला निरिक्षण गर्न सकिन्छ ।

कन्साइनमेन्टको निरिक्षण मुलत निम्न कार्यको लागि गरिन्छः

→ कन्साइनमेन्टको पहिचान निर्धारण गर्न (स्पेसिस/जात/चिन्ह आदि) अनुसार बिरुवा स्वस्थता प्रमाणपत्र भए नभएको हेर्न ।
→ कन्साइनमेन्ट सम्पुर्णता प्रति इमान्दारिता जस्तै परिमाण, प्याकेजिङ्ग अवस्था, सिलबन्दी र क्षतिको अवस्था जाँच गर्न
→ कन्साइनमेन्ट नियमित वस्तुसंग मिश्रित नभएको, हेर्दा शत्रुजीव मुक्त देखिएको र प्रतिबन्धित छ / छैन भनी निश्चित गर्न ।

निर्यातकर्ता NPPO को सहयोगमा उत्पत्ति भएको राष्ट्रमा पूर्व शुद्धिकरण कार्यक्रम गर्नको लागि द्विपक्षीय सम्झौता वा व्यवस्था गर्न पनि सकिन्छ ।

प्राविधिक औचित्यपूर्ण बिरुवा स्वस्थता निरिक्षण निम्नानुसार लागु गर्न सकिन्छः

→ प्रवेश गर्ने अवस्थाका सबै कन्साइनमेन्टमा - आयात अनुगमन कार्यक्रमको एउटा भागको रुपमा जहाँ पूर्वानुमानित जोखिमको आधारमा अनुगमनको संख्या/तह स्थापित हुन्छ । पूर्व निर्धारित उद्देश्यहरु प्राप्त गर्नको लागि निरिक्षण र नमूना लिने विधि सामान्य विधि वा निर्दिष्ट विधिमा आधारित हुन सक्छन् ।

४.१.५.२.२ नमुना लिने

बिरुवा स्वस्थता निरिक्षणको लागि वा प्रयोगशाला परीक्षण वा सन्दर्भ लागि कन्साइनमेन्टबाट नमुना लिन सकिन्छ र यस बारे सम्बन्धितलाई जानकारी उपलब्ध गराउनु पर्दछ ।

४.१.५.२.३ प्रयोगशालामा गरीने परीक्षण सहितको साधारण परीक्षणः

परीक्षण निम्न अवस्थामा आवश्यक पर्दछः

→ आँखाले देखिने शत्रुजीवको पहिचान गर्न
→ आँखाले देखिएको शत्रुजीव निश्चित गर्न
→ आवश्यकता बमोजिमको नियम पालना भए नभएको जाँच गर्न
→ लुप्त संक्रमण जाँच गर्न
→ लेखापरीक्षण वा अनुगमन गर्न
→ नियम संगत नभएको अवस्थाको सन्दर्भ लिन
→ घोषित उपजको पुष्टि गर्न ।

परीक्षण अनुभवी व्यक्तिबाट उचित प्रकृया सम्भव भएसम्म अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रकृया अपनाई गर्नुपर्दछ । परीक्षण प्रमाणीकरण गर्नको लागि मान्यता प्राप्त अन्तर्राष्ट्रिय अनुसन्धान, शैक्षिक संस्था वा विज्ञसंगको सहयोग लिन आवश्यक हुन्छ ।

४.१.६ नियम विपरित र संकटकालिन कदम

NPPO ले नियम विपरित हुने र संकटकालिन कदम चाल्नु पर्ने अवस्थामा निर्देशिका तयार पार्नु पर्दछ ।

४.१.६.१ नियम विपरितको अवस्था हुँदाको समयमा गरिनुपर्ने कारवाही

आयातमा बिरुवा स्वस्थता सम्बन्धि नियम पालना नभएको अवस्थाः

→ जुन शत्रुजीवको लागि नियमित गरिएको हो सो क्वारेण्टाइन शत्रुजीव कन्साइनमेन्टमा भेटिएमा ।
→ सहने क्षमता भन्दा बढी संख्यामा खेती गर्न ल्याईएको बिरुवा/बीउमा नियमित गैह्र क्वारेण्टाइन शत्रुजीव भेटिएमा ।

→ तोकिएका आयातका लागि तोकिएका आवश्यकताहरु पुरा गर्न असफल भएमा जस्तैः फिल्ड निरिक्षण, प्रयोगशाला परीक्षण, उत्पादक दर्ता आदि ।

→ शत्रुजीव अनुगमन वा सर्भिलेन्सको कमी भएमा

→ आयात नियमन पालना नगरेको कन्साइनमेन्ट जस्तै अघोषित वस्तु, माटो वा अन्य प्रतिबन्धित वस्तु भेटिएमा, तोकिएको उपचार असफल भएमा वा अन्य आवश्यक कागजात नभएमा वा गलत वा नक्कली कागजात फेला परेमा ।

→ पारबहनमा रहेका वस्तुलाई पर्ने आवश्यकता अनुरुप निषेधित वा नियमित वस्तु नभएमा

→ अपूर्ण बिरुवा स्वस्थता प्रमाणपत्र जस्ता प्रशासनिक त्रुटी भएमा निर्याातित NPPO संगको सम्पर्कमा सच्याउन सकिन्छ । तर अन्य उल्लंघनका कार्यहरुको सन्दर्भमा निम्न कदम चाल्न पर्दछ ।

- ○ <u>रोकावटः</u> यदि थप सूचना/जानकारी आवश्यक पर्दछन् भने रोकावट गर्न आवश्यक पर्दछ । तर कन्साइनमेन्टको क्षति हुने स्थिति श्रृजना हुन दिनु हूँदैन ।
- ○ <u>छनौट र पुनर्विन्यासः</u> संक्रमित/प्रभावित भाग हटाउने, आवश्यक भएमा पुनः प्याकेजिङ्ग गर्ने आदि
- ○ <u>नष्ट गर्नेः</u> शत्रुजीव जोखिम धेरै प्रचुर भएमा NPPO ले मुक्त कन्साान्टमेन्ट नष्ट गर्न पर्दछ ।

यस्तो अवस्थामा उपयुक्त उपचार उपलब्ध हुंदैन र ढुवानीमा बस्तु पनि सुरक्षित राख्न सकिंदैन । नियम संगत नभएका कन्साइनमेन्ट प्रवेशको लागि अस्वीकार गरी सम्बन्धित राष्ट्रमा फिर्ता पठाउन सकिन्छ ।

नियमित गैह्र क्वारेन्टाइन शत्रुजीवको लागि अपनाइने विरुवा स्वस्थताको उपाय भने आन्तरिक शत्रुजीवको लागि अपनाईने उपायसरह नै हुनु पर्दछ । कन्साईनमेन्टमा शत्रुजीव प्रवेश सिमित गर्नुपर्दछ र आवश्यक सहन तह पालना गर्नुपर्दछ, जस्तै उपाचरबाट, छनौटबाट, पुर्नवगीकरणबाट जहाँ समरुपताको लागि स्वीकार्य हुन्छ र आन्तरिक नियमन हुन्छ यहाँ NPPO को तीनीहरुको निवेदन उपर आवश्यक निर्देशन दिने र  प्रमाणित गर्ने जिम्मेवारी हुन्छ ।

नियम पालना गराउने कार्य NPPO को हो तापनि अन्य निकायले यसलाई सहयोग गर्ने अधिकार पाउन सक्छन् । NPPO ले बिरुवा स्वस्थता उपाह प्राविधिक रुपमा औचित्यपूर्ण नपाईएको अवस्था पर्न आएमा जस्तै स्थापना र विस्तार हुने सम्भावना कम भएमा (उपयोगक प्रयोजनको कारणले, शत्रुजीवको बृद्धि अवस्थाको कारणले) गर्दा कुनै नियमित शत्रुजीवको लागि बिरुवा स्वस्थता निर्दिष्ट उपाय अपनाउने निर्णय लिन पनि सक्छ ।

### ४.१.६.२ संकटकालिन कदम

संकटकालिन कदम लिन त्यसबेला आवश्यक पर्ने स्थिति भनेको जब अपेक्षा नगरिएको बिरुवाबाट स्वस्थता सम्बन्धि समस्या आई पर्दछ या क्वारेन्टाईन वा सम्भावित क्वारेन्टाईन शत्रुजीव कन्साईनमेन्ट भेटिन्छ  र यसका लागि कुनै तोकिएको बिरुवा स्वस्थता उपाह उपलब्ध हुँदैनन् । नियम विपरित भएको अवस्थामा जस्तै कदम यसमा पनि चाल्न सकिन्छ । यस्तो कदमले हाल कायम रहेका बिरुवा स्वस्थता

सम्बन्धि उपायहरुको परिमार्जन वा पुनरावलोकनमा रहेका प्रस्तावित उपायहरुके ग्रहण र पूर्ण प्राविधिक औचित्य ल्याउन सक्छ ।

<u>संकटकालिन कदम चाल्नुपर्ने अवस्थाहरु</u>

- विगतमा मुल्यांकन नगरिएको शत्रुजीवः सूचीकृत नभएको जीवलाई संकटकालिन कदम चाल्नु पर्न सक्छ किनकि तीनीहरुको पहिले PRA मुल्यांकन भएको हुँदैन र अब के कति क्षति गर्छ भन्ने थाह हुँदैन । अतः यसरी भेटिएको अवस्थामा तीनीहरुलाई नियमित शत्रुजीव मान्न सकिन्छ किनकि NPPO ले बिरुवा स्वस्थता चुनौती वहन गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा NPPO को जिम्मेवारी पुर्ण रुपमा उपयुक्त वैज्ञानिक आधार तयार पारी निर्क्यौल गर्नु पनि हो ।
    - साथै NPPO को सहभागितामा थप जानकारी प्राप्त गर्नुपर्दछ ।
    - PRA सञ्चालन गरी नियमित वा गैह्र नियमित अवस्था निर्धारण गर्ने
- निश्चित प्रवेशमार्गको लागि गैह्र नियमित शत्रुजीवः यदि तोकिएको प्रवेशमार्गमा शत्रुजीव नियमन गरिएको छैन भने आपत्कालिन बिरुवा स्वस्थता कदम चाल्न सकिन्छ । यद्यपि नियमित गरिएको भएता पनि सूचीकृत वा तोकिएका शत्रुजीव नहुन सक्छन् किनकि उत्पादनमा, बाली बस्तुमा वा कुनै परिस्थितिमा विचार नगरिएको हुन सक्छ । यस्तो शत्रुजीवलाई उपयुक्त सूची र उपायहरुमा समावेश गर्नुपर्दछ जुन भविष्यमा पनि देखिने सम्भावना रहन्छ ।
- उचित पहिचान क्षमतामा कमीः उचित पहिचानको कमीले गर्दा उपयुक्त उपाय लागु गर्न समस्या पर्दछ । नमूनाको विस्तृत विवरण नआएका कारण पनि यस्तो हुन सक्छ । पहिचान गर्न नसक्ने अवस्थामा हुन सक्ने, वा जीवन चक्रको कुनै तह पहिचान हुँदैन भने त्यसको व्यवस्था गर्ने । जब पहिचान गर्न असमर्थ भईयो भने NPPO ले वैज्ञानिक आधार लिएर बिरुवा स्वस्थता उपाय तोक्नु पर्दछ ।
- जब शत्रुजीवको कुनै पहिचान गर्न नसकिने अवस्था जस्तै फुल, लार्भा, अपुर्ण अवस्था, ढुसीको भाग आदि बारम्बार भेटियो भने पहिचान गराउने व्यवस्थाको लागि आवश्यक कदम चाल्नु पर्दछ । पालेर, थप बृद्धि हुन दिएर, प्रयोगशालामा परीक्षण गरेर, निर्यातकर्ता राष्ट्रसँग सम्पर्क गरी केही थप जानकारी लिन पनि सकिन्छ ।
- यस अवस्थाको शत्रुजीवको लागि अस्थाई बिरुवा स्वस्थता उपाय लगाउन पनि सकिन्छ ।
- एकपटक पहिचान भए पछि PRA को आधारमा यदि शत्रुजीवको लागि बिरुवा स्वस्थता उपाय आवश्यक पर्दछ भने त्यसलाई नियमित शत्रुजीव सूचीमा राख्नु पर्दछ र पहिचान गर्न समस्या परेको सन्दर्भ पनि उठाउनु पर्दछ । यदि निश्चित नभएको वा कुनै शत्रुजीव हुन सक्छ भन्ने शंकाको आधारमा भएको पहिचान सम्बन्धित सबै पक्षहरुलाई जानकारी गराउनु पर्दछ र सोही आधारमा कदम चालिनु पर्दछ र यस्तो कदम चाल्दा उत्पति स्थलमा शत्रुजीव हुने र आयात गर्दा कन्साईनमेन्टमा आउने सम्भावना बढी भएको खण्डमा मात्र आवश्यक कदम चालिनु पर्दछ।

४.१.६.३ नियम पालना नहुँदाको तथा संकटकालिन कदमको जाहेरी

क्वारेन्टाईन शत्रुजीव भेटिंदा स्थानिय नियम पालना नहुँदाको तथा संकटकालिन कदम चाल्दाको अवस्थाको रिर्पोटिङ्ग निर्यात कर्ता राष्ट्रलाई जानकारी गराउनुपर्ने प्रतिबद्धता बारे IPPC मा उल्लेख भएको छ  ताकि कुन आधारमा आफ्नो वस्तुमाथि कार्यवाही भएको हो र आगामी दिनमा सुधार गर्नुपर्ने कार्यबारे जानकारी संबन्धित निर्यात/निर्यात कर्तालाई जानकारी हुनेछ । यसप्रकारका सूचना आदान प्रदान गर्ने गर्न आवश्यक प्रणाली विकास हुनु जरुरी पर्दछ ।

४.१.६.४ नियम परिमार्जन वा रद्ध गर्ने

बारम्बार नियमपालना नहुने क्वारेन्टाईन शत्रुजीव भेटिने र संकटकालिन अवस्था आईरहने भएमा वा स्थिति श्रृजना भएमा आयातकर्ता राष्ट्रको NPPO ले आयात अनुमति पत्र रद्द गर्न, नियम परिवर्तन गर्न, फरक किसिमको आयात प्रकृया अपनाउन वा प्रतिबन्ध लगाउन सक्नेछ । निर्यातकर्ता राष्ट्रले री भएको परिवर्तन र त्यसरी परिवर्तन हुनुपर्ने आधारको सूचना पाउनु पर्दछ ।

४.१.७ गैर NPPO कर्मचारीलाई पनि अधिकार प्रदान गर्ने

निश्चित तोकिएका कार्य गर्नको लागि NPPo ले आफ्नो नियन्त्रण र जिम्मेवारीमा अन्य सरकारी निकाय, गैरसरकारी संस्था वा व्यक्तिलाई अधिकार प्रदान गर्न सक्छ । NPPO को आवश्यकता पुरा भएको भन्ने निश्चित हुनको लागि सञ्चालन कार्यविधि आवश्यक पर्दछ । यसै गरी उक्त कार्यविधि क्षमता प्रदर्शन गर्न, प्रकिया परीक्षण, सुधारात्मक कार्य अपनाउन, पुनरावलोकन गर्ने प्रणाली विकास गर्न तथा अधिकार फिर्ता लिने सन्दर्भमा प्रष्टयाइएको हुनुपर्दछ ।

४.१.८ अन्तरराष्ट्रिय सम्पर्क/सम्बन्ध

अन्तर्राष्ट्रिय प्रतिबद्धता पालना गर्न नेपाले आफ्नो आधिकारिक रुपमा :

- आधिकारिक सम्पर्क विन्दु, सूचना अधिकारी (नोटिफिकेसन अथरीटी), निश्चित प्रवेश नाकाहरु, नियमित शत्रुजीवको सूची प्रकाशन गर्ने प्रावधान राख्नु पर्दछ ।
- बिरुवा स्वस्थताका आवश्यकता र अवरोध र प्रतिबन्धको व्यवस्था विकास भएको हुनु पर्दछ ।
- नियमसँगत नभएको र संकटकालिन अवस्थाको सूचना दिने प्रावधान राख्नु पर्दछ ।
- अनुरोध भई आएमा बिरुवा स्वस्थता उपायको औचित्यबारे जानकारी दिने प्रावधान व्यवस्थित हुनु पर्दछ ।
- सान्दर्भिक सूचना आदानप्रदान को व्यवस्था विकास गर्नु पर्दछ ।
- प्रतिबद्धता पुरा गर्ने प्रशासनिक संरचना विकास गर्नु पर्दछ ।

४.१.९ नियमनकारी सूचनाको जानकारी गराउने तथा प्रसार गर्ने व्यवस्था

४.१.९.१ नयाँ वा संशोधित नियम

निश्चित समयको लागि प्रतिकृया र सुझावको लागि सम्बन्धित पक्षबाट माग भएमा नयाँ वा संशोधित प्रस्तावित कार्य उपलब्ध गराउनु पर्दछ ।

स्थापित नियमको प्रसार

हालको आयात वा त्यससँग सम्बन्धित नियम सम्भव भएसम्म सबै सम्बन्धित प्रभाववित पक्ष लगाएत IPPC र APPPC (RPPO) लाई पनि उपलब्ध गराउनु पर्दछ । उपयुक्त विधि मार्फत यो अन्य ईच्छुक पक्ष, उद्योग, संगठन वा तीनीहरुको प्रतिनिधिलाई  पनि उपलब्ध गराउन सकिन्छ । NPPO ले आयात नियमन सम्बन्धि जानकारीहरु खासगरी विद्युतीय प्रकाशन मार्फत संबन्धित सबैलाई उपलब्ध गराउनु पर्दछ । वेभसाईटहरु, र IPPC सँग जोड्न (लिंक गर्ने) पोर्टलको व्यवस्था पनि गर्न सकिन्छ ।

४.१.१० राष्ट्रिय सम्पर्क/सम्बन्ध

सम्बन्धित सरकारी वा गैरसरकारी निकाय वा सेवासँग अवाश्यक सम्बन्ध र सम्पर्क राखी सूचना आदान प्रदान गर्ने, संयुक्त कार्यहरु गर्ने, सहयोग गर्ने विधिको विकास गर्नुपर्दछ ।

४.१.११ विवाद व्यवस्थापन (Dispute settlement)

आयात नियमन प्रणालीको कार्यान्वयन क्रममा दुई पक्ष बीच विवाद उत्पन्न हुन सक्दछ । NPPO ले अन्य राष्ट्रको NPPO सँग सूचना आदान प्रदान र परामर्श गर्नको लागि आवश्यक प्रकृया स्थापित गर्नुपर्दछ र विवाद व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय स्तरमा पुग्न नदिन आपसी समन्वय र परामर्श बढाई विवाद व्यस्थापन गर्नु उपयुक्त हुन्छ ।

## ४.२ NPPO को साधन/श्रोत

NPPO का कार्यक्रमहरु सञ्चालन गर्न नेपाल सरकारले आवश्यक साधन श्रोतको उचित व्यवस्थापन गर्नुपर्दछ ।

४.२.१ कर्मचारी र तालिम

NPPO ले कर्मचारी राख्न वा अन्य कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछ  र यसो गर्दा उसको क्षमता र दक्षता विचार गर्नुपर्दछ । जिम्मेवारी लगाईएको क्षेत्रमा दक्षता हासिल गराउन NPPO ले आवश्यक र उचित दीगो तालिमको व्यवस्था गर्नुपर्दछ ।

४.२.२ सूचना/जानकारी

NPPO ले सबै सम्बद्ध कर्मचारीहरुलाई आवश्यक सूचना/जानकारी उपलब्ध भएको निश्चित हुनुपर्दछ । यसमा:

- निर्देशिका, कार्यप्रकृया र आयात नियमन सम्बन्धि सान्दर्भिक जानकारी
- नेपालको आयात नियमावली

- नेपालका नियमित शत्रुजीवहरु, तीनीहरुको जीवन संरचाना, आश्रयदाता बिरुवाको विविधता, प्रवेशमार्ग, वितरण पत्ता लगाउने तथा पहिचान गर्ने तरीका, उपचार विधि आदि बारेको जानाकारी

PRA गर्ने सन्दर्भमा शत्रुजीवको बर्गीकरण गर्न, सहजीकरण गर्नको लागि NPPO सँग यसका शत्रुजीवको सूचीबारे जानकारी लिन जरुरी हुन्छ । NPPO ले यसका नियमित शत्रुजीवको सूची तयारी गर्नुपर्दछ । यदि राष्ट्रमा नियमित शत्रुजीव भेटियो भने वितरण, शत्रुजीव मुक्त क्षेत्र, आधिकरिक नियन्त्रण विधि र गैर क्वारेन्टाईन शत्रुजीवको खेती गर्ने बिरुवाको आधिकारिक नियन्त्रण बारे जानकारी राख्नु पर्दछ । NPPO लाई यसको क्षेत्र भित्र भएका नियमित शत्रुजीव र ती बाटै जोगावट र नियन्त्रणका विधि समेतको जानकारी दिने जिम्मेवारी दिनु पर्दछ ।

४.२.३ सामाग्री र सुविधाहरु

NPPO लाई आवश्यक पर्ने उपयुक्त सुविधा र सामाग्रीहरु उपलब्ध हुने निश्चित हुनुपर्दछ ।

- निरीक्षण, नमूना, परीक्षण, सर्भिलेन्स र कन्सानमेन्ट प्रमाणीकरणको लागि
- सञ्चार र सूचनासँग पहुँचको लागि

# ५. अभिलेख सञ्चार र पुनरावलोकन

## ५.१ दस्तावेज राख्ने

५.१.१ कार्यविधि

NPPO ले निर्देशिकाहरु, कार्यविधिहरु, कार्यादेशहरु र सञ्चालन निर्देशिकाहरु जस्ता आयात नियमन प्रणाली सँग सम्बन्धित सामग्रीहरु तयार गरी कायम राख्नुपर्दछ । अभिलेख राख्नुपर्ने कार्यविधि भित्र निम्न बुँदाहरु पर्दछन् ।

- शत्रुजीव सूची तयारी
- शत्रुजीव जोखिम विश्लषण
- शत्रुजीव मुक्त क्षेत्र स्थापना, न्यून शत्रुजीव प्रभाव क्षेत्र, शत्रुजीव मुक्त उत्पादन स्थान, शत्रुजीव मुक्त उत्पादन स्थल
- आधिकारिक नियन्त्रण कार्यक्रम
- निरीक्षण, नमूना, परीक्षण विधिहरु (नमूना लिंदा अपनाउनुपर्ने इमान्दारिता समेत)
- नियम पालना नहुँदाको आवश्यक कदम, संकटकालिन अवस्था
- उपचार विधिहरु
- सूचना (नोटिफिकेसन) व्यवस्था

५.१.२ अभिलेखहरु

सबै किसिमका कदम, कार्य, परिणाम, निर्णयहरु जुन आयात नियमनसँग सम्बन्धित हुन्छन तीनीहरुको अभिलेख राख्नुपर्दछ । जस्तै

- PRA को अभिलेख
- शत्रुजीव मुक्त क्षेत्र स्थापना, न्यून शत्रुजीव प्रभाव क्षेत्र, शत्रुजीव मुक्त उत्पादन स्थान, शत्रुजीव मुक्त उत्पादन स्थल सम्बन्धि अभिलेख (शत्रुजीवको वितरण र शत्रुजीव मुक्त क्षेत्र वा न्यून शत्रुजीव प्रभाव क्षेत्र कायम राख्न प्रयोग गरेका उपायहरु समेत)
- आधिकारिक नियन्त्रण कार्यक्रम सम्बन्धि अभिलेख
- निरीक्षण, नमूना, परीक्षण विधिहरु सम्बन्धि अभिलेख

आवश्यक भएमा आयातित कन्साईनमेन्टको अभिलेख पनि राख्न सकिन्छ । जस्तै:

- बस्तुको तोकिएको अन्तिम प्रयोजन
- आयात नियमन प्रणाली व्यवस्थापनको लागि वा शत्रुजीव जोखिमको आधारमा पोष्ट इन्ट्री क्वारेन्टाईन निगरानीका कार्यहरु र उपचार विधि ।

## ६. सञ्चार

आयातकर्ता, उद्योग प्रतिनिधि, निर्यातकर्ता NPPO, IPPC को सचिवालय, RPPO को सचिवालय आदि जस्ता सरोकारवाला निकायहरुसँग सम्पर्क/सञ्चार कायम गर्ने विधिहरु हुनुपर्नेमा NPPO निश्चित हुनुपर्दछ ।

## ७. पुनरावलोकन संरचना

### ७.१ पद्धति पुनरावलोकन

NPPO ले आवधिक रुपमा आयात नियमन प्रणालीको समिक्षा गर्नुपर्दछ । यसमा बिरुवा स्वस्थता विधिको प्रभावकारिता NPPO वा आधिकारिक संस्था वा व्यक्तिका क्रियाकलापको प्रक्रिया परीक्षण र आवश्यक भएमा नियम कानून र कार्यविधिको परिमार्जन समेत पर्न आउँछन् ।

### ७.२ तत्कालिन वा प्रासंगिक पुनरावलोकन

नियम विपरितको वा आपत्कालिन कदमबारे समिक्षा गर्न NPPO सँग परिस्थिति वा घटनाक्रम अनुसारको व्यवस्थित कार्यविधि हुनुपर्दछ । यस्तो समिक्षाबाट बिरुवा स्वस्थता उपायहरु ग्रहण गर्न वा परिमार्जन गर्न पनि सकिन्छ ।